नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक २५०    २०७८ साल बैशाख २७ गते सोमबार (10 May 2021 Monday)    मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : मुलुकका अधिकांश भाग ... २ पृष्ठमा : भारतमा लगातार चौथो दिन ... ४ पृष्ठमा : अक्सिजन व्यवस्थापनका लागि ...

# सात सय अक्सिजन सिलिण्डर बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २६ बैशाख ।**

प्रदेश २ प्रहरी कार्यालयले प्रदेश भरिबाट आइतबार सात सय अक्सिजन सिलिण्डर बरामद गरेको छ ।

स्वास्थ्य प्रयोजन वाहेक अन्य प्रयोजनमा प्रयोग गर्ने उद्देश्यले प्रदेशका विभिन्न उद्योग, कलकाखाना, कवाडी, ग्यास वेल्डिङ्ग, पसल तथा गोदामहरुमा स्टक गरी राखेको ती अक्सिजन सिलिण्डर प्रहरीले बरामद गरेको जनाएको छ ।

प्रदेश २ प्रहरी कार्यालय जनकपुरका प्रहरी उपरिक्षक कृष्ण प्रसाईले नेपाल प्रहरीको सक्रियतामा १ सय ३२ वटा भरी सिलिण्डर र ५ सय ६८ वटा खाली सिलिण्डर बरामद गरेको जानकारी दिएका छन् ।

यता प्रहरीले कोरोना महामारीका बेला स्वास्थ्य प्रयोजन बाहेक अन्य प्रयोजनको लागी स्टक गरी राखेको ब्यक्ती तथा सम्बन्धित निकायलाई आवश्यक कार्वाहीको लागी थप अनुसन्धान कार्य भईरहेको जनाएको छ ।

प्रदेश प्रहरीले वर्तमान विषम परिस्थितीमा स्वास्थ्य प्रयोजन बाहेक कोही कसैले अन्य प्रयोजनको लागि स्टक नगरिदिन हुन अपिल गर्दै जथाभावी तवरबाट स्टक गरी प्रहरी कारवाहीमा फेला परेमा सम्वन्धित व्यक्ति, निकाय उपर प्रचलित ऐन कानून बमोजिम कारवाही हुने जनाएको छ ।

# एक संक्रमितको मृत्यु, सहरी क्षेत्रमा निषेधाज्ञा

**दैनिक समाचारदाता**
**राजविराज, २६ बैशाख ।**

सप्तरीका एक कोरोना संक्रमितको आइतबार बिहान उपचारका क्रममा मृत्यु भएको छ । *बाँकी अन्तिम पृष्ठमा*




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## हार्दिक समवेदना



जन्म मिति
बि.सं. २०२०/८/८

स्वर्गारोहण
बि.सं. २०७८/१/१७

स्व. इन्दिरा देवी कर्ण

श्री चित्रगुप्त सेवा समिति राजविराजका अध्यक्ष पूर्व राजश्व अनुसन्धान अधिकृत तथा हाम्रा परमात्मिय मित्र राजविराज ३ निवासी श्री अशोक कुमार कर्ण ज्यूको धर्मपत्नी इन्दिरा देवी कर्णको यही बैशाख १७ गते शुक्रबार राती ह्दयघातबाट हुन गएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत भएका छौं । दिवंगत आत्माले बैकुण्ठमा बास पाउन् तथा चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारलाई धैर्य धारण गर्न सक्ने शक्ति मिलोस् परमपिता परमेश्वरसँग आराधना साथ भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

**कर परामर्श सेवा केन्द्र, परिवार**
राजविराज ३, सप्तरी

## हार्दिक श्रद्धाञ्जली



जन्म मिति
बि.सं. २०२०/८/८

स्वर्गारोहण
बि.सं. २०७८/१/१७

स्व. इन्दिरा देवी कर्ण

राजविराज ३ निवासी अशोक कुमार कर्णको धर्मपत्नी इन्दिरा देवी कर्णको यही बैशाख १७ गते असामयिक निधन भएको ११ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कर तथा VAT परामर्श केन्द्र**
राजविराज ७, सप्तरी
बिजय कुमार देव
आदित्य कुमार साह

## सम्पादकीय ....

# स्वास्थ्य मापदण्ड अपनाउनु अति आवश्यक

दोश्रो चरणको कोरोना महामारीका कारण मुलुक पूर्ण रुपले ठप्प भएको छ । महामारीले उग्ररुप लिन थालेपछि अहिले मुलुकका अधिकांश जिल्लाहरुमा निषेधाज्ञा जारि गरिएको छ । महामारी नियन्त्रण तथा रोकथामका लागि निषेधाज्ञा जारि गरिएको हो । यता बजारमा हुने भिडभाड, सामाजिक दुरी कायम नहुनु लगायतका कारण पनि अहिले कोरोनाको जोखीम बढ्दै गएको छ ।

यसरी निषेधाज्ञा जारि भएपछि बजारहरु सुनसान देखिन्छ भने मानिसहरुको चहलपहल पनि न्युन रहेको छ । कोरोना एक अर्काको सम्पर्कमा तुरुन्त फैलिने भएकोले निषेधाज्ञा भएपछि मानिसहरु एक अर्काको सम्पर्कमा आउने सम्भावना कम हुन्छ भने सामाजिक दुरी समेत कायम हुन्छ । महामारी तिब्र रुपमा फैलिदै जाँदा मानिसहरु घरमै बस्नु नै अति उत्तम हो । यसले सामाजिक दुरी समेत कायम गर्छ ।

कोरोनाको पहिलो चरण भन्दा दोश्रो चरण निकै घातक रहेको छ । यसमा संक्रमित व्यक्तिलाई श्वास प्रश्वासमा समस्या आउने सम्भावना बढी हुन्छ । यसका लागि अक्सिजन लिनु पर्ने अवस्था आउँछ । तसर्थ यस्तो अवस्था आउन नदिन सबै सजग र सतर्क रहनु पर्ने आवश्यकता छ भने सरकारले तोकेको सम्पूर्ण स्वास्थ्य मापदण्ड अपनाउनु अति आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मुलुकका अधिकांश भाग ठप्प, अब १० जिल्ला मात्र खुला

काठमाडौँ, २६ वैशाख (रासस) ।

तीव्रत्तर रूपमा फैलिरहेको दोस्रो लहरको कोभिड-१९ सङ्क्रमणका कारण मुलुकका अधिकांश भाग ठप्प हुन पुगेका छन् । सङ्क्रमण न्यूनीकरण हुनुको साटो बढ्दो क्रममा रहेकाले मुलुक झण्डै बन्दाबन्दीको अवस्थामा पुगेको छ । अत्यावश्यक बाहेकका गतिविधि वैशाख पहिलो सातादेखि ठप्प छ । मानिसको आवागमनसमेत प्रभावित हुँदै आएको छ । सरकारले सङ्क्रमणको साङ्लो तोड्ने प्रयास जारी राखेको भए पनि कतिपय अवस्थामा कतै चुकेको देखिने र कतै सर्वसाधारणको हेल्चेक्र्याइँसमेत देखिएको जनस्वास्थ्यविद् औँल्याउँछन् ।

आजका मितिसम्म १० जिल्लाले मात्रै निषेधाज्ञा जारी गर्न बाँकी छ । झण्डै २० दिनको अवधिमा मुलुकका ६७ जिल्लामा निषेधाज्ञा जारी गरी सङ्क्रमण रोकथामको प्रयास भइरहेको छ । त्यस्ता जिल्लामा अत्यावश्यक बाहेकका सबै गतिविधिमा रोक लगाइएको छ । त्यसमध्ये नौ जिल्लामा आंशिक निषेधाज्ञा छ । खुला रहेकामध्ये अधिकांश हिमाली जिल्ला छन् ।

देशका अधिकांश भाग ठप्प हुँदा आदेश जारी गर्न बाँकी रहेका ती जिल्लाका गतिविधिसमेत चलायमान हुन सकेको छैन । खुला रहेका १० जिल्लाले आदेश जारी गर्न बाँकी भए पनि मन्त्रिपरिषद्को यही वैशाख ६ गतेको निर्णयलाई आधार मानेर उच्च सावधानी अपनाउने तथा स्वास्थ्यका मापदण्ड पूर्ण कार्यान्वयनका लागि विभिन्न निर्णय गर्दै कोरोना फैलिन नदिन उच्च सावधानी अपनाउँदै आएको छ । केही जिल्ला भने निषेधाज्ञा जारी गर्ने तयारीमा पुगेका जनाइएको छ ।

अब निषेधाज्ञा जारी गर्न बाँकी रहेका जिल्लामा सोलुखुम्बु, मनाङ, मुस्ताङ, रसुवा, तेह्रथुम, खोटाङ, भोजपुर, पाँचथर, लमजुङ र रुकुम पूर्व रहेका छन् । यद्यपि लमजुङ भने केही वडामा सीमित गतिविधि रोक लगाएर नियन्त्रण प्रयासमा रहेको प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले राससलाई जानकारी दिनुभयो ।

"यहाँ छिट्फुट सङ्क्रमण देखिन्छ, महामारीको अवस्था छैन, फरक तरिकाले नियन्त्रण गर्ने प्रयास जारी छ", प्रजिअ लुइँटेलले भन्नुभयो, "कसरी जाने भनेर छलफलमै छौँ ।" उहाँका अनुसार लमजुङमा अहिलेसम्म ९२ जना सङ्क्रमित भेटिएका छन् । दुई सय सङ्क्रमित नपुगेकाले उक्त जिल्लाले निषेधाज्ञा जारी नगरेको हो ।

तेह्रथुमले पनि भीडभाड हुने क्षेत्र तोकेर त्यस्ता गतिविधि रोक लगाइसकेको छ । पाँचथरले विभिन्न स्थानीय तहमा आलोपालो सेवा दिने गरी उच्च सावधानी अपनाउँदै आएको जनाएको छ । भोजपुरले पनि सीमित समय तोकेर मात्रै सञ्चालन गर्ने गरी आदेश जारी गरिसकेको छ । सोलुखुम्बुमा मन्त्रिपरिषद्को वैशाख ६ गतेको निर्णयअनुसार आदेश जारी गरी उच्च सावधानीका कार्यक्रम सञ्चालन गरिरहेको छ । अहिलेसम्म खुला रहेको ओखलढुङ्गा र सङ्खुवासभाले आज रातिदेखि लागू हुने गरी आदेश जारी गरिसकेको छ ।

मनाङले भने यही वैशाख १३ गतेको निर्णयअनुसार आवश्यक तयारीका साथ सम्पर्कमा रहेका व्यक्तिको परीक्षणलाई तीव्रता दिँदै सङ्क्रमण भित्रिन नदिन सतर्कता अपनाउने निर्णय गरेको छ । मुस्ताङले जिल्ला प्रशासन कार्यालयबाट दिने अत्यावश्यकबाहेकका सेवा रोकिसकेको छ । मुस्ताङले अन्य निर्णय भने गरेको छैन ।

रसुवाले पनि प्रशासन कार्यालयबाट हुने अत्यावश्यक बाहेकका गतिविधिमा रोक लगाइसकेको छ । समग्रमा भन्दा खुला रहेका कतिपय जिल्ला पनि निकट भविष्यमा निषेधाज्ञा जारी गर्ने अवस्थामा पुगेका छन् ।

गृह मन्त्रालयका प्रवक्ता जनकराज दाहाल आवश्यकतानुसार निषेधको आदेश जारी गरी रोकथाममा लाग्न जिल्लालाई निर्देशन दिइसकेको र सोही अनुसार आदेश जारी गरी कार्यान्वयन भइरहेको बताउनुहुन्छ । मुलुकमा पछिल्ला केही दिनमा नौ हजारको हाराहारीमा दैनिक सङ्क्रमित फेला पर्दै आएका छन् भने दैनिक ५० भन्दा माथि मानिसको मृत्यु हुँदै आएको छ ।

# प्रादेशिक अस्पताल जनकपुरमा १२८ जनशक्ति थपियो

धनुषा, २६ वैशाख (रासस) ।

कोरोना महामारीको दोस्रो लहरमा सङ्क्रमितको सङ्ख्या बढेपछि उपचार सहज बनाउन प्रदेश नं २ सरकारले प्रदेशका अस्पतालमा जनशक्ति थप गरेको छ ।प्रादेशिक अस्पताल जनकपुरधाम, नारायणी अस्पताल वीरगञ्ज, गजेन्द्रनारायण सिंह अस्पताल राजविराजसहितका अस्पतालमा जनशक्ति थप गर्ने निर्णय गरिएको समाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले जनाए अनुसार छ महिनाका लागि जनशक्ति नियुक्त गर्न अस्पताललाई अधिकार दिइएको छ । यसै सन्दर्भमा प्रादेशिक अस्पताल जनकपुरधाममा १२८ जनशक्ति थप गरिएको हो । तीमध्ये आइसीयु सञ्चालनका लागि ६८ थप गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

त्यसैगरी नारायणी अस्पताल वीरगञ्जमा कोरोनाको सघन उपचारका लागि प्रदेश सरकारले १९ र सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आठ जनशक्ति थप गरेको छ । सप्तरीको भारदह अस्पताल, पर्साको पोखरिया अस्पताल, सिरहा, जलेश्वर, मलगङ्वा, गौर, कलैया र लहान अस्पतालमा पनि कोरोनाको सघन उपचारका लागि थप जनशक्ति उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ ।

प्रदेश नं २ सरकारले प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका लागि ३३ जनशक्ति उपलब्ध गराएको छ । नवौं तहको माइक्रोबायोलोजिष्ट तीन, सातौं तहको मेडिकल टेक्नोलोजिष्ट नौ, सहायक पाँचौं तहको ल्याबटेक्निसियन चार, सहायक चौथो तहको ल्याब असिस्टेन्ट तीन, कम्प्युटर अपरेटर तीन, सवारी चालक दुई, सुरक्षा गार्ड तीन, कार्यालय सहयोगी तीन र स्वीपर तीन जना उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ ।

## विश्व समाचार

# भारतमा लगातार चौथो दिन चार लाख कोभिड-१९ संक्रमित

नयाँ दिल्ली, २६ बैशाख (रासस-एएनआई) ।

भारतमा लगातार चौथो दिन कोरोनाभाइरस संक्रमितको संख्या चार लाखभन्दा बढी पाइएको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा कोभिड-१९ बाट संक्रमित चार लाख चार हजार भेटिएका छन् ।

भारतमा हालसम्म कोरोनाभाइरस संक्रमितको कूल संख्या दुई करोड २२ लाख ९६ हजार पुगेको मन्त्रालयले जनाएको छ । कोरोनाभाइरस संक्रमितमध्ये हालसम्म एक करोड ८३ लाख १७ हजार संक्रमणमुक्त भएका छन् भने पछिल्लो २४ घण्टामा तीन लाख ८६ हजार संक्रमणमुक्त भएका छन् । हाल भारतमा ३७ लाख ३६ हजार व्यक्ति सक्रिय संक्रमित छन् ।

मन्त्रालयका अनुसार भारतमा पछिल्लो २४ घण्टामा चार हजार ९२ जनाको संक्रमणबाट मृत्यु भएको छ । यो सहित भारतमा हालसम्म २ लाख ४२ हजार ३६२ जनाको कोरोनाभाइरसको संक्रमणका कारण मृत्यु भएको छ ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार यही मे ८ सम्म कूल ३० करोड २२ लाख ७५ हजार नमुना परीक्षण गरिएको छ ।

यस्तै, गत मे ७ तारिखसम्म भारतभर कोभिड-१९ विरुद्धको खोप १६ करोड ९४ लाख ३९ हजार डोज लगाइएको छ । गत जनवरी १६ देखि खोप दिन थालेको भारतमा हाल १८ वर्षभन्दा माथिका व्यक्तिलाई खोप लगाउने गरिएको छ ।

# काबुलमा विद्यालय बाहिर भिषण बिस्फोट, विद्यार्थी समेत कम्तीमा ५० जनाको मृत्यु

काबुल, २६ बैशाख (रासस-सिन्ह्वा) ।

अफगानिस्तानको काबुलस्थित एउटा बालिका माध्यमिक विद्यालय बाहिर भएका तीन वटा बिस्फोटमा परेर मृत्यु हुनेको संख्या ५० पुगेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार शैयद उल सौहादा माध्यमिक विद्यालय बाहिर शनिबार अपराह्न ४ बजे भएको उक्त बिस्फोटमा अरु १०० भन्दा बढी व्यक्ति घाइते भएका छन् ।

काबुल प्रहरीका प्रवक्ता फरदौस फरामर्जले एउटा बिस्फोटको प्रारम्भिक अवस्था हेर्दा कार बम बिस्फोटजस्तो देखिएको बताउनुभयो । अन्य दुई वटा बिस्फोटन भने बारुदी सुरुङबाट भएको प्रवक्ता फरदौसले बताउनुभयो ।

विद्यार्थीहरु विद्यालय छुट्टी भएर आआफ्ना घरतिर जानै लाग्दा बिस्फोट भएको छ । अधिकांश पीडितहरु विद्यालयका केटाकेटी रहेको अनुमान गरिएको छ । बाटो हिँड्ने व्यक्तिहरुको पनि मृत्यु वा घाइते भएका प्रहरीको भनाई छ ।

अफगानिस्तानको सबैभन्दा ठूलो विद्रोही समूह तालिबान भने उक्त घटनामा आफ्नो संलग्नता नरहेको जनाएको छ । यस घटनामा इस्लामिक स्टेटको संलग्नता रहेको तालिबानको आरोप छ ।

अफगानिस्तानका राष्ट्रपति मोहम्मद अश्रफ घानीले उक्त आक्रमणको निन्दा एवं भर्त्सना गर्नु भएको छ । उहाँले घाइतेको सर्वोत्तम उपचारको प्रबन्ध मिलाउन स्वास्थ्य अधिकारीहरुलाई निर्देशन पनि दिनु भएको छ ।

# चिनियाँ रकेटका भग्नावशेष हिन्द महासागरमा खसे

बेइजिङ, २६ बैशाख (रासस-एएनआई) ।

चीनको लङ मार्च ५बी रकेटका भग्नावशेष हिन्द महासागरमा आइतबार खसेको चिनियाँ अन्तरिक्ष इन्जिनियरिङ कार्यालयले जनाएको छ ।

गत अप्रिलमा प्रक्षेपण गरिएको उक्त रकेटले अन्तरिक्षमा चीनको पहिलो स्टेशन बनाउन मद्दत गर्ने लक्ष्य राखिएको थियो ।

कार्यालयका अनुसार चाङ झेङ ५बी नामको रकेट पृथ्वीको वायुमण्डलमा यही मे ९ तारिखको बिहान १० बजेर २९ मिनेटमा पुनः प्रवेश गरेको थियो, र उक्त रकेट हिन्द महासागरमा माल्दिभ्स नजिक खसेको थियो ।

पृथ्वीको वायुमण्डलमा प्रवेश गर्नासाथ उक्त रकेटको अधिकांश भाग आगो लागेर ध्वस्त भइसकेको थियो, कार्यालयको विज्ञप्तिमा उल्लेख छ ।

गत बुधबार अमेरिकी रक्षा मन्त्रालयले अनियन्त्रित भएको चिनियाँ रकेटको आफूहरुले ट्र्याकिङ गरिरहेको जनाएको थियो । मन्त्रालयले यही साता उक्त रकेटका अवशेष पृथ्वीमा खस्ने बताएको थियो ।

शुक्रबार चीनले विज्ञहरुले चासो देखाए पनि अनियन्त्रित रकेटबाट पृथ्वीमा कुनै असर नपर्ने दाबी गरेको थियो ।

# नेपाल सहकारी संस्था लिमिटेड

## सप्तरी राजविराजबाट जारी गरिएको

## ऋणीहरुलाई धितो लिलामी सम्बन्धी सुचना

*मिती : २०७८/०१/२७*

नेपाल सहकारी संस्था लिमिटेड, सप्तरी राजविराजबाट विभिन्न मितिमा आफ्नो काम कारोबारका लागि ऋण प्राप्त गरी सो ऋणको भाखा बमोजिम तोकिएको म्यादमा साँवा तथा ब्याज चुक्ता गरी फरफराक लिनुपर्नेमा तपसिल बमोजिम व्यक्तिहरुले सो नगरी आलटाल गरी बसेको हुँदा साँवा तथा ब्याज बुझाउन ऋणीलाई संस्थाबाट पटक-पटक सुचना पठाउँदा पनि सम्बन्धित ऋणीहरुले त्यस तर्फ ध्यान नदिई बसेका हुँदा निजहरुले ऋणको धितोवापत संस्थामा राखिएको अचल सम्पतिहरु धितो लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने भएकोले सम्बन्धित ऋणी तथा निजको तर्फबाट धितो जमानी राखी मंजुरनामा दिने व्यक्ति समेतको जानकारीका लागि सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को दफा ३० बमोजिम कार्यवाहीका लागि यो सुचना प्रकाशित गरिएको छ । तसर्थ तपसिलका ऋणीहरुले संस्थामा राखिदिएको तपसिल बमोजिमको धितोको जग्गा मिति २०७८/०२/३० गते आइतबारका दिन कार्यालयमा लिलाम डाक बढाबढ हुने भएकोले इच्छुक नेपाली नागरिकहरु लागि यो सुचना प्रकाशित गरिएको छ । साथै सो लिलाम डाँक बढाबढको कार्य उक्त मितिको बिहान १०:०० बजेदेखि कार्यालय खुला रहेको समयसम्म हुने भएकोले उक्त समयमा कार्यालयमा उपस्थिति भई डाक साकार गरिलिनु हुन यो सुचना प्रकाशित गरिएको छ । डाँक साकार गर्ने व्यक्तिले डाँक साकार गरेको अंकको १० प्रतिशत रकम तुरुन्तै, बाँकी रकम १५ दिनभित्र यस संस्थामा बुझाउनुपर्नेछ । सो म्याद नाघी आएमा जम्मा भएको रकम जफत हुनेछ । लिलाम सम्बन्धित सम्पुर्ण खर्च सम्बन्धी ऋणीले व्यहोर्नुपर्ने समेत जानकारी गराइन्छ । अन्य लिलाम सम्बन्धी जानकारी संस्थाको कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ । डाक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

## तपसिल

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेगाना | वडा नं. | कि.नं. | क्षेत्रफल |
| १ | बालेश्वर लाल देव | राजविराज ६ | मलिक लाल देव | बेचन पोद्दार | राजविराज | ६ | २४९७ | ०-०-३/४ |
| | | हाल राजविराज ७ | | | | ६ | २५०२ | ०-०-१ १/२ |
| २ | निरु कार्की | राजविराज ४ | पति-अशोक कार्की | टंक बहादुर | खो. प्रवाहा | ९ क | ५३८ | ०-४-४ |
| ३ | पिताम्बर लाल दास | राजविराज ८ | भुप ना. लाल दास | चेथरुलाल दास | राजविराज | ५ क | ५२७९ | ०-०-१७ |
| ४ | सत्यनारायण मण्डल | बभनगामाकट्टी | जोगेन्द्र मण्डल | बेचु मण्डल | बभनगामाकट्टी | ४ ख | १३२० | ०-०-४ १/४ |
| | | | | | मोजे सडेपार | ब्लक नं. | २१५ | |
| ५ | राम किशोर साह | राजविराज ६ | जग्गु साह | जनक साह | राजविराज | ७ | १/८ क | ०-०-३ |
| | | | | | राजविराज | ७ | १/९ | ०-०-५ १ १/२ |
| | | | | | राजविराज | ७ | १/१० क | ०-०-३ ७ १/२ |
| ६ | राज किशोर स्वर्णकार | राजविराज ४ | सिताराम साह | मुन्सि लाल | राजविराज | ३ | १/२ ख | ०-०-२-१४ क |
| | | | | | फुतका लाइन | | | |
| ७ | रामनाथ यादव | विष्णुपुर गापा | लक्ष्मी यादव | गेनाई यादव | मलेकपुर | ५ | ७०९ | ०-०-१७ |
| | | | | | मलेकपुर | ५ | १२९८ | ०-१-४ १/२ |
| | | | | | मलेकपुर | ५ | १३१४ | ०-०-५ १/२ |
| | | | | | मलेकपुर | ५ | १३१८ | ०-०-६ |
| | | | | | मलेकपुर | ५ | १३०४ | ०-०-१३ १/४ |
| | | | | | मलेकपुर | ५ | १३१६ | ०-०-४ १/२ |
| | | | | | मलेकपुर | ५ | १३०० | ०-३-१६ १/२ |
| ८ | राजकुमार दास | राजविराज १ | गुलाई दास | खुशि दास | च.प. | २ | ४३८ | ०-०-१४ |
| | सन्तोष कुमार दास | बसबिट्टी ८ | जगदीश दास | राधे दास | मलेठ | ७ ख | ४२३ | ०-०-११ |
| ९ | सुगम्बर लाल दास | दिघवा १ | जनक लाल दास | मकुम लाल दास | दिघवा | १ क | ७८५ | ०-४-० १/४ |
| | | | | | दिघवा | १ क | ७९० | ०-२-११ |
| | | | | | दिघवा | १ क | ७८७ | ०-१-२ १/२ |
| | | | | | दिघवा | १ क | ७९५ | ०-०-९ ३/४ |
| | | | | | दिघवा | १ क | ७८२ | ०-०-१६ १/२ |
| १० | सुनिता कुमारी यादव | पत्थरगाढा ७ | अरुण यादव | कृष्ण कुमार यादव | पातो | ८ | ५२२ | ०-९-८ १/२ |
| ११ | शिव नन्दन साह | सि.सि. | रामप्रसाद साह तेली | बिलट साह | सि.सि. | १ | १०५८ | ०-५-१७ |
| | | | | | सि.सि. | १ | १३६४ | ०-५-७ १/२ |
| | | | | | सि.सि. | १ | ६५७ | ०-२-८ |
| | | | | | सि.सि. | १ | ६६१ | ०-२-१२ १/२ |
| | | | | | सि.सि. | १ | १०६१ | ०-३-१७ |
| | | | | | सि.सि. | १ | ६७६ | ०-१०-७ १/२ |
| १२ | गोपाल प्रसाद देव | राजविराज ७ | मलिकलाल देव | बेचन पोद्दार | राजविराज | ६ | २४९६ | ०-०-३/४ |
| | | | | | राजविराज | ६ | २५०० | ०-०-१ १/२ |
| १३ | गिता देवी खतिवडा | | श्याम कुमार खतिवडा | ध्वज लाल खतिवडा | कल्याणपुर | ८ ख | ३४३ | ०-०-५ |
| | | | | | खोजपुर | ५ क | ९०३ | ०-३-१८ १/२ |
| | | | | | खोजपुर | ५ क | ९०५ | ०-३-१६ १/२ |

लिलाम डाक बढाबढ हुने मिति : २०७८/०२/३० गते आइतबार

समय : बिहान १०:०० बजे देखि ४:०० सम्म

स्थान : संस्थाको कार्यालय भवन राजविराज-४, गजेन्द्र चौक

*नोट : लिलाम डाक बढाबढ हुने दिन बिदा पर्न गएमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन डाक बढाबढ हुनेछ ।*

नेपाल सहकारी संस्था लि.
राजविराज-४, सप्तरी
फोन नं ०३१-५३१०९६

# अक्सिजन व्यवस्थापनका लागि प्रादेशिक अस्पताललाई पाँच/पाँच लाख : मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, २६ बैशाख ।**

प्रदेश २ का भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले नेपाल पत्रकार महासंघ सप्तरी शाखालाई स्वास्थ्य सामाग्रिका लागि आर्थिक सहयोग गर्ने भएका छन् ।

जिल्लामा कोरोनाको जोखिम तथा अवस्था बारे बुझ्न महासंघको भवनमा आइतबार आयोजित छलफल कार्यक्रममा कोरोना कहरमा संचारकर्मीहरुलाई चाहिने आवश्यक स्वास्थ्य सामाग्रि खरीद गर्नका लागि ५० हजार आर्थिक सहयोग गर्ने बताएका हुन् ।

महासंघका सभापति श्रवणकुमार देवलगायत अन्य संचारकर्मीको उपस्थितमा सामाजिक दुरी कायम राख्दै आयोजित छलफल कार्यक्रममा मन्त्री साहले अहिलेको अवस्थामा सबैभन्दा बढी अक्सिजन सिलिण्डरको अभाव रहेकोले सोको व्यवस्थापनका लागि प्रदेश सरकारले प्रादेशिक अस्पतालहरुलाई ५/५ लाख रकम उपलब्ध गराएको जानकारी दिए ।

त्यस्तै उनले अस्पतालहरुमा जनशक्तिको अभाव रहेकोमा त्यसको पूर्तीका लागि प्रदेश सरकारले कार्य सुरु गरिसकेको जानकारी पनि दिए । यस्तै पिसिआरको दायरा बढाउने कार्य समेत सुरु भइसकेको र सोमबारदेखी पिसिआर मेशिनको क्षमता बढाउनका लागि ओटोएक्टेशन मेशिन जडान हुने जानकारी दिए ।

सोही छलफल कार्यक्रममा जिल्लामा संक्रमितहरुको संख्या बढ्दै गएकोले त्यसप्रति सम्पूर्ण जिल्लावासी सचेत हुनुपर्नेमा जोड दिए । उनले संक्रमितहरु खुलेआम घुमफिर गरिरहेकाले उनीहरुप्रति स्थानिय सरकार समेतले ध्यान दिनुपर्ने सुझाव दिए ।

सोही छलफलमा राजविराजस्थित साईकृष्णा मेकिडल कलेजको पुरानो भवनमा ५० शैय्याको कोभिड अस्पताल सोमबारदेखी संचालनमा आउने उनले जानकारी दिए ।

यसअघि गजेन्द्रनारायण सिंह अस्पतालमा २५ शैय्याको एचडियु युनिट संचालनमा रहेको छ । संक्रमितहरु बढ्दै गएको अवस्थामा उपचारमा समस्या आउने भएपछि सो अस्पताल संचालनमा ल्याइने भएको हो ।


## भावपूर्ण श्रद्धाञ्जली



हाम्रा परम् आत्मीय, अत्यन्तै मिलनसार, बालवालिकाको हक, अधिकार एवं संरक्षणप्रति समर्पित; सामाजिक विकास अभियन्ता, ईमान्दार, कर्मठयुवा

**श्री मदन गोतामे** ज्युको असामयिक स्वर्गारोहणले हामी अत्यन्तै स्तब्ध र मर्माहत भएका छौं । असीम पीडाको यस दु:खद घडीमा स्वर्गीय आत्माप्रति चिरशान्तिको कमाना **गर्दै हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै देहमुक्त आत्माको सापुज्य मुक्ति एवं बैकुण्ठ वासको कामना गर्दै शोक संतप्त परिवारजन, बन्धुवान्धव सम्पूर्णमा छिन्नमस्ता माताले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी **भावपूर्ण समवेदना** प्रकट गर्दछौं ।

**सेभ द सप्तरी परिवार, राजविराज**


# प्रमुख आफै गए औषधी लिएर संक्रमितको घर घरमा

**दैनिक समाचारदाता**
**राजविराज, २६ बैशाख ।**

राजविराज नगरपालिकाले आइतबारदेखि कोरोना संक्रमितहरुको घरमै औषधि पुऱ्याउने कार्य सुरु गरेको छ ।

संक्रमित भई होम आइसोलेशनमा बसेकाहरुलाई राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव आफै घर-घरमा पुगी सिटामोल, भिटामिन बी, सि, डि र इ, जिंक चक्की र जीवनजल वितरण गरेका हुन् ।

प्रमुख यादवले संक्रमितहरु आफै औषधी खरीद गर्न नसक्ने तथा उनका परिवारजन पनि कन्ट्रयाक्ट ट्रेसिङमा रहेकाले बाहिर निस्कन नसक्ने अवस्था नरहेको तथा केही घरमा परिवारका सबैजना संक्रमित भएका कारण औषधि पुऱ्याउने थालिएको बताए ।

राजविराज नगरपालिकामा १ सय २५ जना संक्रमित छन् । ती मध्ये १ सय १५ जना होम आइसोलेसनमा छन् ।

---

### *एक संक्रमितको ...*

जिल्लाको बोदेबरसाइन नगरपालिका १० निवासी ६० वर्षिय पुरुषको बिराटनगरस्थित नोबेल अस्पतालमा मृत्यु भएको सो अस्पतालले जनाएको छ ।

यसैबीच कोरोना संक्रमितहरु बढ्दै जाँदा त्यसको रोकथाम र नियन्त्रणका लागि आइतबारदेखी सप्तरीका सहरी क्षेत्रमा निषेधाज्ञा जारि गरिएको छ ।

निषेधाज्ञाका कारण आइतबार जिल्लाका ती क्षेत्रहरुमा पूर्ण रुपमा यातायातका साधन चलेनन् भने मानिसहरुको चहलपहल लगभग शुन्य रहेको छ । यस्तै पसलहरु बन्द गरिएको छ ।

जिल्ला संकट व्यवस्थापन केन्द्रको बिहीबार सम्पन्न बैठकले अर्को आदेश जारी नभएसम्मका लागि निषेधाज्ञा जारि रहने निर्णय गरेको थियो ।

प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलको अध्यक्षतामा सम्पन्न बैठकले जिल्ला सदरमुकाम राजविराजसहित फत्तेपुर, कंचनपुर, बरमझिया, भारदह, हनुमाननगर, रुपनी, कठौना, कल्याणपुर, पातो, तोपा, महुली, बिरेन्द्र बजार, खरचुहिया, विष्णुपुर, छिन्नमस्ता, जिरिया हटिया, मंसापुर, पत्थरगाडा र बोदेबरसाइन लगायतका बजारहरुमा निषेधाज्ञा जारि गरिएको जनाइएको छ ।

हाल जिल्लामा कोरोना संक्रमितको संख्या ३ सय ४९ पुगेको छ भने मृत्यु हुनेको संख्या ४७ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
तिलाठी कोईलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np